टोलफ्री नं १६६० ८१ ५२०५२
वेबसाइट : www.nepalgunjmun.gov.np
इमेल : nepalgunjmun@gmail.com

# नेपालगञ्ज उप–महानगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

## नेपालगञ्ज, बाँके

**लुम्बिनी प्रदेश, नेपाल ।**

**सञ्चार माध्यमहरुलाई सूची दर्ता गर्ने सम्बन्धी अत्यन्त जरुरी सूचना**

**(प्रथम पटक प्रकाशित मिति २०८१।११।१६)**

नेपालगञ्ज उप-महानगरपालिका क्षेत्र भित्र कार्यालय स्थापना भई हाल सञ्चालनमा रहेका स्थानीय सञ्चार माध्यम (पत्रपत्रिका, अनलाईन खवर, एफ.एम. रेडीयो र टेलिभिजन) हरुको विकासका लागि चालू आ.व. २०८१।०८२ मा सञ्चार क्षेत्र प्रवर्द्धन कार्यक्रम, वजेट स्वीकृत भएको र सो अनुरुप जनहितकारी सूचना, विज्ञापन र कार्यक्रम प्रकाशन एवम् प्रशारण गर्ने योजना रहेको छ । यसका लागि सार्वजनिक खरिद ऐन, नियमावली अनुरुप सूचिकृत गर्नुपर्ने भएकोले देहायका कागजातहरुको प्रतिलिपि संलग्न राखी यो सूचना प्रकाशित भएको मितिले २१ दिन अर्थात् मिति २०८१।१२।०७ गते कार्यालय समय भित्र यस कार्यालयमा आई सूची दर्ताका लागि निवेदन पेश गर्नहुन यसै सूचना मार्फत् सूचित गरिन्छ । उक्त दिन विदा परेमा कार्यालय खुलेको दिन कार्यालय समय भित्र पेश गर्न सकिनेछ । प्रकाशित सूचना यस कार्यालयको सूचना पाटी तथा website : www.nepalgunjmun.gov.np मा पनि हेर्न र डाउनलोड गर्न सकिनेछ ।

**तपसिल**

**रेडीयो टेलिभिजनहरुले सूचीकृत गर्दा पेश गर्नुपर्ने कागजात**

१. सञ्चार माध्यम दर्ता तथा नविकरण गरेको प्रमाणपत्र २. पान वा मू.अ.करमा दर्ता भएको प्रमाण पत्र
३. गत आ.व. २०८०।०८१ को कर चुक्ता प्रमाणपत्र ४. इजाजत तथा नविकरण प्रमाणपत्र
५. लाईसेन्स नविकरण गरेको ६. नियमित प्रशारण प्रमाणपत्र ।

**छापा (पत्रपत्रिका) हरुले सूचीकृत गर्दा पेश गर्नुपर्ने कागजात :**

१. दर्ता तथा नविकरण प्रमाणपत्र २. पान वा मू.अ.करमा दर्ता भएको प्रमाण पत्र
३. गत आ.व. २०८०।०८१ को कर चुक्ताको प्रमाणपत्र ४. प्रेस काउन्सिलको पछिल्लो वर्गीकरण प्रमाणपत्र

**अनलाईनहरुले सूचीकृत गर्दा पेश गर्नुपर्ने कागजात :**

१. दर्ता तथा नविकरण प्रमाणपत्र २. पान वा मू.अ.करमा दर्ता भएको प्रमाण पत्र ३. कर चुक्ताको प्रमाणपत्र ३. सूचना तथा प्रशारण विभागमा दर्ता भई नविकरण भएको प्रमाणपत्र ।

**(पुनश्च : उल्लेखित जुनसुकै सञ्चार माध्यमहरुद्धारा चालू आ.व. का लागि यस अघि नै सूचीकृत गरि सकेको भएमा पुनः सूचीकृत गरिरहनुपर्ने छैन । सूचीकृत पत्रको प्रतिलिपिका साथै माथि उल्लेखित प्रमाणपत्रको प्रतिलिपि अनिवार्य रुपमा संलग्न गर्नुपर्नेछ) ।**

नेपालगञ्ज उप-महानगरपालिका
नगर कार्यपालिकाको कार्यालय नेपालगञ्ज ।